नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

(कानून तथा फैसला कार्यान्वयन शाखा)

पत्र संख्याः कानुन-१८-०७२/७३ चलानी संख्याः ९३२

मिति-२०७३/०१/०२

**विषय- पहिलेको सेवा अवधिको गणना सम्बन्धमा ।**

श्री निजामती किताबखाना,
हरिहर भवन, ललितपुर ।

निजामती सेवा नियमावली, २०५० को नियम १२३ (१) (क) मा भएको व्यवस्था सम्वन्धमा देहाय वमोजिम हुन नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७२/१२/३० को नीतिगत निर्णयानुसार अनुरोध गर्दछु ।

१, निजामती सेवा ऐन, २०४९ को दफा २१(१) र दफा २४घ१क.(१) एवं निजामती सेवा नियमावली, २०५० को नियम १२३ को व्यवस्था प्रतिकूल हुनेगरी भएका परिपत्र र निर्देशनहरु कार्यान्वयन नगर्ने ।

२, स्पष्ट रुपमा श्रेणी खुलेको पहिले गरेको सेवा अवधिको मात्र समान श्रेणीमा गणना गर्ने ।

३, निजामती सेवा नियमावली, २०५० को नियम १२३ को उपनियम (३) मा उल्लेख भएको अवधिभित्र सेवा अवधि जोडिसकेको हुनुपर्ने ।

४, सामान्य प्रशासन मन्त्रालय वढुवा समितिको मिति २०७२/१०/८ को निर्णयानुसार लेखी आएको देहायको व्यहोरा कार्यान्वयन गर्ने गराउने ।:-

निजामती सेवा नियमावली, २०५० को नियम १२३ मा निजामती कर्मचारीको पहिलेको सेवा अवधि गणना गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था भए तापनि निजामती किवातखानाबाट बढुवाको लागि जेष्ठता गणनाको प्रयोजनका निमित्त अभिलेख राख्दा स्पष्ट रुपमा श्रेणी नखुलेको सेवा अवधिको समेत श्रेणी नै ऐकिन नगरी विभिन्न पदनामका आधारमा मात्र अभिलेख राख्ने गरेको, अभिलेख राख्नका निमित्त किटान भएका अवधि समाप्त भए पछि पनि अभिलेख राख्ने गरेको, विकासतर्फको सेवा अवधि गणना गर्दा साविकको विकासतर्फको मात्र गणना गर्नु पर्नेमा सो बाहेक पनि गणना गर्ने जस्ता विविधता देखिएकाले निजामती कर्मचारीको पहिलेको सेवा अवधि गणना गर्ने सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गरी सो अनुरुप अभिलेख राख्ने व्यवस्था मिलाउने ।

..........................
(बाल कुमार श्रेष्ठ)
शाखा अधिकृत

"निजामती सेवाको सपनाः समृद्ध नेपालको रचना"
सिंहदरबार, काठमाण्डौ, फोनः ४२००३६७, ४२००३६८, ४२००३६९ फ्याक्सः ४२००२३८
अडियो नोटिस नम्वर:१६१८०१४२००३१४ इमेलः info@moga.gov.np वेवः www.moga.gov.np